त्रिभुवन विश्वविद्यालय
# मनोविज्ञान केन्द्रीय विभाग
त्रिवि, कीर्तिपुर

पत्र संख्या :
चलानी नं.:

मिति : २०८२/११/१७

**विषय : जेहेन्दार तथा निःशुल्क छात्रवृत्तिका लागि आवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस विभागमा प्रथम र तेस्रो सेमेस्टर पूरा गरेका नियमित विद्यार्थीहरुलाई त्रिवि छात्रवृत्ति र पुरस्कार तथा पदक सम्बन्धी कार्यनिर्देशिका-२०७१ बमोजिम योग्यताक्रमका आधारमा प्रदान गरिने जेहेन्दार तथा निःशुल्क छात्रवृत्तिको लागि आफुले अघिल्लो सेमेस्टरमा उत्तीर्ण गरेको मार्कसिट, एसएलसी र स्नातक तहको प्रमाणपत्रहरु तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र विभागको प्रशासन शाखामा निवेदन दर्ता गर्नुहुन सम्बन्धित सम्पूर्ण विद्यार्थीहरुलाई यो सूचना प्रकाशित गरिएको छ। साथै आरक्षण कोटा अन्तरगत निवेदन दिन चाहने विद्यार्थीले आरक्षणका लागि पहिचान खुल्ने परिचय पत्रको प्रतिलिपीका साथ आवेदन दिनुपर्नेछ।

योग्यताक्रमका शर्तहरु :

१. निःशुल्क छात्रवृत्तिका लागि सार्बजनिक विद्यालयबाट एसएलसी र त्रिवि अन्तरगतका आँगिक क्याम्पस वा सामुदायिक क्याम्पसबाट स्नातक गरेको प्रमाणपत्र पेश गर्ने ।

२. त्रिविका शिक्षक कर्मचारीका छोराछोरी भएमा सम्बन्धित निकायको सिफारिसपत्रसाथ एसएलसी र स्नातक तहको प्रमाणपत्रहरु पेश गर्ने ।

३. प्रथम सेमेस्टर उत्तीर्ण विद्यार्थीहरुले प्रथम सेमेस्टरको मार्कसिट र तेस्रो सेमेस्टर उत्तीर्ण विद्यार्थीहरुले तेस्रो सेमेस्टरको मार्कसिटको प्रतिलिपी संलग्न गर्नुपर्ने ।

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।

५. **अपाङ्गता भएका विद्यार्थीहरुको हकमा** नेपाल सरकारले प्रदान गरेको अपाङ्ताको परिचय पत्रको प्रतिलिपी भए पुग्ने ।

६. विभागले दिएको आधिकारिक इमेल ठेगानाबाट माथि उल्लेखित सम्पूर्ण कागजातको पिडिएफ फायल संलग्न गरी **info@cdpsy.tu.edu.np** मा अनलाइनबाट समेत निवेदन पेश गर्न सकिनेछ ।

......................
उपप्रा. सञ्जेश श्रेष्ठ
विभागीय प्रमुख

प्रमुख
मनोविज्ञान केन्द्रीय विभाग